# ECHO OF HIS CALL

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE
REACHING NATIONS

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIV | JANUARY 2024 | No. 01


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

### परमप्रभुको प्रशंसा

**यशैया ३१:२३-२८**

२३. सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः "जब म तिनीहरूलाई कैदबाट फर्काएर ल्याउनेछु, तब मानिसहरूले यहूदाको देश र त्यसका नगरहरूमा यी वचन फेरि प्रयोग गर्नेछन्, हे धर्मी बासस्थान, हे पवित्र पर्वत, तँलाई परमप्रभुले आशिष् दिऊन् ।

२४. यहूदा र त्यसका सबै नगरहरूमा मानिसहरू एकैसाथ बस्नेछन्- किसानहरू र आफ्ना बगालसँग घुम्ने गोठालाहरू ।

२५. थाकेकाहरूलाई म फेरि ताजा बनाउनेछु र मूर्च्छा खानेहरूलाई सन्तुष्ट तुल्याउनेछु ।"

२६. यतिमै म बिउँझें र चारैतिर हेरें । मेरो निद्रा मलाई मीठो लागेको थियो ।

२७. परमप्रभु भन्नुहुन्छ, "दिन आउँदैछन्, जब म इस्राएलका घराना र यहूदाका घरानालाई मानिस र पशु दुवैका बच्चाहरूले रोप्नेछु ।

२८. जसरी तिनीहरूलाई उखेल्न, लछार्न र फ्याँक्न र तिनीहरूमाथि सर्वनाश ल्याउनलाई मैले मेरो दृष्टि तिनीहरूमाथि राखें, त्यसरी नै तिनीहरूलाई निर्माण गर्न र रोप्नलाई मेरो दृष्टि तिनीहरूमाथि राख्नेछु," परमप्रभु भन्नुहुन्छ ।

# मेरो भलाइले तँ सन्तुष्ट हुनेछस् ! परमप्रभु भन्नुहुन्छ (यर्मिया ३१:१४)

**YOU SHALL BE SATISFIED WITH MY GOODNESS! says the Lord - Jeremiah 31:14.**

*सन् २०२४ मा आफ्नो जीवनमा के हुनेछ भनेर जान्न चाहने परमेश्वरका सन्तानहरूलाई परमेश्वरले यो सन्देशद्वारा संचार गर्नुहुनेछ । कृपया ध्यानपूर्वक पढ्नुहोला !*

**सम्मानीय प्रधानसम्पादक, रेभ. एन्जलीन सेल्भाकुमारी**



हाम्रा सम्पूर्ण **बोलावटको प्रतिध्वनि** परिवारका सदस्यहरूमा उल्लासमय र आशिष् नयाँ वर्षको शुभकामना !

हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइप्रति** तपाईंको निरन्तर सहयोगको निम्ति तपाईंलाई धेरै धन्यवाद । परमेश्वरको सारा भलाइको निम्ति कृतज्ञता अभिव्यक्त गर्न उहाँले अर्को वर्षको साथमा हामीलाई अनुग्रहपूर्वक आशिष् दिनुभएको छ । तपाईंको निरन्तरको प्रार्थना र प्रेमिलो भेटीहरूका कारणले नै हामी संसारमा भएका हजारौं मानिसहरूकहाँ पुग्न सकेका छौं । हामी सदैव तपाईंको सहायताको निम्ति कृतज्ञ छौं । परमेश्वरले निश्चय पनि तपाईंलाई मात्रै आशिष् होइन तर संसारलाई सुसमाचारको आशा फैलाउनमा तपाईंको समय र आँसुले भरिएका प्रार्थनाको लगानीको निम्ति तपाईंका पुस्ताहरूलाई पनि दिनुहुनेछ । आफ्ना मानिसहरूका निम्ति परमेश्वरको प्रतिज्ञा यही हो । यो महान् कार्यको निरन्तरतामा हामीले हातोमालो गरौं !

*बाँकी पृष्ठ ३ मा*


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिनः बिहान २ बजे देखि**

**तामिल आइतवार सेवाः बिहान ८:३० बजे**

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


**HON. EDITOR-IN-CHIEF**
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
**MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.
**GENERAL MANAGER**
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.
**ADMINISTRATION**
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
**EDITORIAL BOARD**
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Sis. L. Mariya Anjalin, M.A., M.Sc., B.Ed.
Rev. Dr. K.R. Rajasekaran



**EDITOR, PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858
95661 31858
**E.MAIL**
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
**WEBSITES**
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
**YOUTUBE CHANNEL**
Echo of His Call


## आफ्नो प्रशस्तताले वर्षलाई तपाईंले मुकुट पहिराउनुहुन्छ...

(भजनसंग्रह ६५:११)।

प्रभुमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू,

**अनुग्रह र शान्ति प्रशस्त हुँदैजाओस्** (१ पत्रुस १:२)।

यो सम्पादकीय स्तम्भ लेख्न अवसर दिनुभएको निम्ति म परमेश्वरप्रति कृतज्ञ छु । मेरो बुबा पास्टर एस. साम सेल्भाराज यात्रा र अन्य सेवकाइका जिम्मेवारीहरूले घेरिनुभएको छ, त्यसैले उहाँले यो कार्य पूरा गर्न मलाई जिम्मेवारी दिनुभएको छ । विगतका केही दशकदेखि हामीसँगको साझेदारी र तपाईंको प्रेमलाई इमानदारीपूर्वक प्रशंसा गर्दछु ।



*Pr. Alex Samson Sam*
*Managing Editor*

२०२३ डिसेम्वर महिनाको समयमा सुसमाचार नसुनेका धेरै मानिसहरूका बीचमा पुग्न प्रभुले हामीलाई अचम्मका अवसरहरूका साथमा आशिष् दिनुभयो । हाम्रो नयाँ वर्षको सेवाहरू पनि परमेश्वरको आशिष्ले भरिएको थियो । वर्ष २०२४ ले तपाईं र तपाईंको परिवारमा अझ फलदायी आशिष्हरू ल्याउनेछ भन्ने कुरामा हामी विश्वस्त छौं । हामी तपाईंको निम्ति नियमित रूपमा प्रार्थना गर्छौं र हाम्रो **Echo of His Call YouTube Channel** बाट अंग्रेजी, तामिल, हिन्दी र तेलगू भाषामा हाम्रो दैनिक भक्तिहरू बाँड्छौं । यसका



*Nehemiah Bible College Key Leaders*

अतिरिक्त, अन्य भाषाहरूमा पनि हाम्रो पहुँच बढाउने हामीले आशा राखेका छौं । **बोलावटको प्रतिध्वनि सेवकाइहरूको** सफलताको निम्ति तपाईंको नियमित प्रार्थना गरिदिनुहुन गम्भीर रूपमा आग्रह गर्दछौं ।

**बोलावटको प्रतिध्वनि सेवकाइहरूका** निम्ति तपाईंका प्रार्थना र सहायतालाई हामी गहन रूपमा स्वीकार गर्छौं । यसै सन्दर्भमा हामी **नहेम्याह बाइबल कलेजको** बारेमा तपाईंलाई सम्झना दिलाउन चाहन्छौं, जहाँ हाल तामिल र हिन्दी भाषामा कक्षाहरू संचालन भइरहेका छन् । जसै हामी नयाँ

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) ☼ BIBLECOR - Postal Courses (3 languages) ☼ YouTube Ministry ☼ Online Courses ☼ Theological Correspondence Courses (2 languages) ☼ Church Planting ☼ Nehemiah Bible Colleges ☼ Gospel Printing Press ☼ Great Commission Partners ☼ St. Paul's Matriculation School ☼ Crusades ☼ Community Development

वर्षमा प्रवेश गरेका छौं, हामीले अंग्रेजी भाषा पनि समावेश गरेर कलेजर्लाइ बिस्तार गर्ने योजना गरेका छौं । हामी घोषणा गर्न उत्साहित भएका छौं कि हामीले सम्मानित सम्बन्धन संस्था - एसिया थियोलोजिकल असोसिएसनबाट सम्बन्धन प्राप्त गर्ने अन्तिम चरणमा रहेका छौं । हामीले उहाँहरूबाट सम्बन्धनको निम्ति दर्ता भएको सदस्यता पहिले नै प्राप्त गरिसकेका छौं । कृपया हाम्रा सम्पूर्ण सहकर्मीहरूका निम्ति प्रार्थना गरिदिनुभएको होस् किनकि उहाँहरूले **नहेम्याह बाइबल कलेजलाई** प्रभावकारी रूपमा संचालन गरिरहनुभएको र अर्को स्तरमा उचाल्न हामीलाई सहायता गरिरहनुभएको छ ।

साथै, कृपया हाम्रा सबै सेवकाइहरूका निम्ति निरन्तर प्रार्थना गरिदिनुहोस्, विशेष गरी **बोलावटको प्रतिध्वनि सेवकाइहरू,** १६ वटा भाषामा भएका मासिक समाचारपत्रहरू, बहुभाषिक मण्डलीहरू, **बाइबलकोर पत्राचार कोर्सहरू, ईश्वरशास्त्रीय पत्राचार कोर्सहरू, सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल,** सुसमाचारीय छापाखाना र हाम्रा सम्पूर्ण सहयोगी सेवकाइहरू ।

**"परमप्रभुले तिमीहरूलाई आशिष् दिऊन् र तिमीहरूलाई रक्षा गरून् । परमप्रभुले आफ्नो मुख तिमीहरूमाथि चम्काऊन् र तिमीहरूलाई अनुग्रह गरून् । परमप्रभुले आफ्नो चेहरा तिमीहरूमाथि प्रकाश गरून् र तिमीहरूलाई शान्ति दिऊन्"** (गन्ती ६:२४-२६) ।

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,

*पा. एलेक्स सामसन साम*
*पा. एस. साम सेल्भाराज*

(+91) 98412 71858 / 98410 71858,
E.mail : sam@echoofhiscall.org

*पृष्ठ १ बाट*

म प्रार्थना गर्दछु कि भलो परमप्रभुले परमेश्वरीय बुद्धि, ज्ञान, असल स्वास्थ, शक्ति र शान्तिको साथमा यो संसारमा जिउन तपाईंलाई निरन्तर बुद्धि प्रदान गरून् । यसका अतिरिक्त, उहाँले आफ्नो भलाइले तपाईंलाई सन्तुष्ट पारून् ।

बाइबलले भन्दछ, **...मेरो प्रजा मेरो उदारताले तृप्त हुनेछ...** (यर्मिया ३१:१४) ।

वर्षको सुरुवातमा रहनको निम्ति कस्तो सुन्दर प्रतिज्ञा ! मेरा प्रज्ञा मेरो "उदारताले" "तृप्त" हुनेछ। यसको अर्थ म असन्तुष्ट, कमी वा अभावमा हुनेछैनँ । यो वर्ष मेरो परमेश्वरले मेरा सारा आवश्यकताहरू पूरा गर्नुहुनेछ। यो वर्ष परमेश्वरको भलाइ अनुभव गर्ने वर्ष र उहाँले प्रदान गर्नुभएका थोकमा सन्तुष्ट हुने वर्ष हुनेछ । **"...आँखाले नदेदेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ"** (१ कोरिन्थी २:९) । परमेश्वरले यो वर्ष यसरी हामीलाई अगुवाइ गर्न लाग्नुभएको छ। के तपाईं उत्साहित हुनुभएको छैन ? म अत्यन्तै उत्साहित भएकी छु किनभने उहाँ आफ्ना प्रतिज्ञाहरूमा विश्वासयोग्य हुनुहुन्छ ।

## परमेश्वरको भलाइ !

हाम्रा स्वर्गीय पिता परमेश्वरले हामीलाई पहिले नै धेरै असल थोकहरूका साथमा आशिष् दिइसक्नुभएको छ। तापनि, शैतानले हाम्रो मनलाई नियन्त्रण गर्ने र हाम्रा धारणा परिवर्तन गर्ने कोसिस गर्छ, जसले हाम्रो वरिपरि भएका आशिषहरूलाई नजरअन्दाज गर्ने बनाउँछ ।

हामीले अदनको बगैंचाको उदाहरणलाई जाँच गरौं । परमेश्वरले आदम र हव्वालाई आशिष् दिनुभयो र उत्पत्ति १:२६-२८, ३१ मा यस्तो भन्नुभयो

**फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं । तिनीहरूले माछाहरू, आकासका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्...।" परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ । समुद्रका माछाहरु, आकासका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर ।" आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो र त्यो साह्रै राम्रो थियो ।**

यसका अतिसरक्त परमेश्वरले उत्पत्ति २:१७ मा आज्ञा दिनुभयो, **तर असल र खराब ज्ञान दिने रूखको फलचाहिँ नखानू किनभने जुन दिन तैंले त्यो खान्छस्, तँ निश्चय नै मर्नेछस् ।**

हामीले हरेक थोकमाथि अधिकार गर्नेछौं भनेर परमेश्वरले घोषणा गर्नुभयो तर आजको संसारमा हाम्रा वरिपरि भएका हरेक थोकले हामीमाथि अधिकार गरेको प्रायः महसुस गरेका छौं, हाम्रा फोनहरू र प्रविधिहरूले समेत ।

शैतानले कसरी परमेश्वरको वचनलाई बङ्ग्याएको थियो भनेर ध्यान दिनुहोस्: **... तिमीहरू मर्दैनौ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ, त्यही दिन तिमीहरूका आँखा खुल्नेछन् र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ** (उत्पत्ति ३:४,५) ।

आदम र हव्वा मर्नेछैनन् तर त्यसको साटो तिनीहरू परमेश्वरजस्तै बन्नेछन् भन्ने धारणाले तिनीहरूलाई उक्साउने शैतानको वचनहरूले नियन्त्रण गरेका हामीले देख्छौं । शैतानले आफ्ना प्रस्तावहरू परमेश्वरले प्रदान गर्न सक्नुहुनेभन्दा महान् र अझ शक्तिशाली रूपमा प्रस्तुत गर्छ। यो रणनीति किन उस्तै लाग्छ ? किनभने आज पनि शैतानले मानिसहरूलाई परमेश्वरको मार्गबाट विनाशतिर लैजान यही रणनीति अपनाउँछ। हाम्रो प्रेमिलो येशूले हामीलाई प्रदान गर्नुहुने कुराभन्दा त्यसले सांसारिक थोकहरूलाई उच्च, महान् र अझ शक्तिशाली भएको प्रस्तुत गर्छ ।

अन्त्यमा, जब आदम र हव्वाले दुष्टको आवाजलाई सुने, तिनीहरूले आफ्नो जीवनमा भएको सबैभन्दा महत्वपूर्ण थोक गुमाए ।

**त्यसपछि ती दुवैका आँखा खोलिए- तर तिनीहरूले आफ्नो शान्ति र आनन्द गुमाए र आफैंलाई लुकाए** (उत्पत्ति ३:७-१०) ।

**...जुन भूमिबाट उनी बनाइएका थिए, परमप्रभु परमेश्वरले उनलाई अदनको बगैंचाबाट निकालिदिनुभयो** (उत्पत्ति ३:२३) । **भूमि तेरो कारण श्रापित भएको छ। तेरो जीवनभरि दुःखसँग त्यसको उब्जनी तैले खानेछस् । त्यसले तेरो निम्ति काँढा र सिउँडीहरू उमार्नेछ र तैले खेतको सागपात खानेछस् । माटोमा नफर्कुञ्जेल तेरो निधारको पसिनाले कमाएको भोजन तैले खानेछस्** (उत्पत्ति ३:१७-१९) ।

तिनीहरूले परमेश्वरको भलाइ गुमाए !!! परमेश्वरसको संगतिमा हुने आनन्द ।

**आनन्द परमेश्वरको भलाइको प्रमाण हो** (प्रेरित १४:१७) ।

स्वर्गबाट वर्षा तपाईंलाई दिएर र आफ्नो मौसमअनुसार अनाजहरू दिएर उहाँले दया (भलाइ) देखाउनुभएको छ । उहाँले तपाईंलाई प्रशस्त खानेकुरा प्रदान गर्नुहुन्छ र तपाईंको हृदय आनन्दले भर्नुहुन्छ ।

हामीमध्ये धेरै जना आनन्द र खुसीमा अन्योल हुन्छौं । त्यसैले, भिन्नता पत्ता लगाउन मैले अनुसन्धान गरेकी थिएँ:

- आनन्द सानो शब्द हो । खुसी ठूलो शब्द हो ।
- आनन्द हृदयमा हुन्छ । खुसी अनुहारमा देखिन्छ ।
- आनन्द आत्माको हो । खुसी क्षणभरको लागि हो ।
- आनन्द वृद्धि हुन्छ । खुसीले प्रतिक्रिया दिन्छ ।
- आनन्दले शान्ति र सन्तुष्टी अंगाल्छ, पत्ता लगाउन पर्खन्छ ।
- आनन्द गहन र उर्लंदो हुन्छ, जबकि खुसीले हेलो अंगाल्छ ।
- आनन्द अभ्यास र व्यवहार हो । यो सावधान र उद्देश्यपूर्ण हुन्छ । खुसी लापरवाही प्रकारले आउँछ र जान्छ ।
- आनन्द गहन र पवित्रशास्त्रीय हो । "चिन्ता नगर, आनन्द गर ।" खुसी राहत हो । "चिन्ता नगर, खुसी होऊ ।"
- आनन्द भित्री अनुभव हो । खुसी बाहिरी अभिव्यक्ति हो ।
- आनन्दले कठिनाइ र परीक्षा सहन्छ र अर्थ र उद्देश्यको साथमा जोड्छ ।

कुनै पनि व्यक्तिले खुसी पछ्याउँछ तर आनन्दलाई छान्छ ।

प्राय: शान्ति र आनन्द सँगसँगै जान्छ । जहाँ शान्ति हुन्छ, त्यहाँ आनन्द हुन्छ र जहाँ आनन्द हुन्छ, त्यहाँ शान्ति हुन्छ । तिनीहरू दुई जुम्ल्याहा दिदीबहिनीजस्तै हुन् । आनन्द परमेश्वरको भलाइमध्ये एक हो र हाम्रा हृदय उहाँको आनन्दले भरेर त्योसँगै हामीलाई तृप्त गर्ने प्रतिज्ञा उहाँले गर्नुभएको छ ।

नहेम्याह ८:१० ले भन्दछ, **"परमप्रभुको आनन्द मेरो बल हो ।"**

तापनि, शैतानले परमेश्वरको भलाइको बारेमा हाम्रो धारणालाई परिवर्तन गर्ने कोसिस गर्छ, जसरी त्यसले हव्वासँग गरेको थियो । परमेश्वरले हामीलाई दिनुभएको थोकभन्दा अझ धेरै अपेक्षा गर्न शैतानले हामीलाई परीक्षामा पार्छ, जसले हामीलाई यतातिर लैजान्छ:

## १. असन्तुष्टि

परमेश्वरले आफूसँग गर्नुभएको प्रतिज्ञासँग हव्वा सन्तुष्ट थिइनन् । परमेश्वरको भलाइको विरुद्धमा पहिलो शत्रुचाहिँ असन्तुष्टि हो । जब हामीले आफैंले यस्तो भनिरहेको पाउँछौं, "मसँग त्यस्तो भएदेखि" वा "मलाई अझ चाहिन्छ," परमेश्वरले हामीलाई दिनुभएको थोकसँग हामी सन्तुष्ट छैनौं र कृतज्ञ छैनौं तर हामीले त्यस्तो गर्दैनौं भने हामीले आनन्दको अनुभव गर्नेछौं ।

रोमी १५:१३ ले हामीलाई सम्झाउँछ कि **आशाका परमेश्वरले तिमीहरूलाई विश्वासद्वारा सम्पूर्ण आनन्द र शान्तिले भरिपूर्ण गरिदेऊन्, यस हेतुले कि पवित्र आत्माको शक्तिले तिमीहरू आशामा प्रशस्त हुन सक ।**

असन्तुष्टिले हाम्रो आनन्द चोर्छ, जसको विपरीत परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ । त्यसको साटो, परमेश्वरको भलाइको साथमा सन्तुष्ट हुन हामीले सिक्नुपर्छ । परमेश्वरले हामीलाई दिनुभएको थोकसँग खुसी हुन हामीले सिकौं र यो वर्षको सुरुवातमा सन्तुष्टि र धन्यवादीको आत्मा विकास गरौं ।

## २. निरासा

हाम्रो आनन्द लैजान शैतानले सृजना गर्ने अर्को भ्रम "निरासा" हो । जहाँ आशा हुन्छ, त्यहाँ निरासा पनि हुन्छ ।

हामीले प्रार्थना गरेको र आशा गरेअनुसार नै हाम्रा प्रार्थनाको जवाफ हामीले प्राय: परमेश्वरबाट आशा गर्छौं । जब हाम्रा चाहनाहरू पूरा हुँदैनन्, हामी निरास र निरुत्साहित हुन्छौं । हामीले सामना गरेका समस्याहरू र चुनौतीहरूले हामीलाई अझ तल तानेको महसुस गर्छौं र त्यसपछि हामीले निरासाको अनुभव गर्छौं । उदाहरणको लागि, हामीले निश्चित जागिर वा पदोन्नतिको आशा गरेका हुन सक्छौं तर जब हामीले त्यो आफ्नै प्रकारको चुनौतीहरू र तनावको साथमा आउँछ भनेर हामीले महसुस गर्छौं । कामको चाप अत्यन्तै

*....Contd. to page 6*


**RESIDENTIAL BIBLE COURSE**

**NEHEMIAH BIBLE COLLEGE, Chennai.**

ECHO OF HIS CALL 1969-2019 REACHING NATIONS

Medium : Hindi

*Registered Candidate for Membership*

Asia Theological Association (ATA)

Regd. Candidate for Membership ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI ECHO OF HIS CALL Estd.: 1969

Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years

**Certificate in Ministry**

**Diploma in Theology**

Qualification : 10th Standard & above

**Rush for admission!**

**Contact : The Chairman, Nehemiah Bible College.**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.

Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858

E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

★ ONLINE CLASSES ARE AVAILABLE ★

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From 2024 January 19 To February 18

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

जनवरी १९: अर्थपूर्ण र प्रभावकारी तरिकामा मनाउन हामीलाई अगुवाइ गर्दै हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा ख्रीष्टमस र नयाँ वर्ष मनाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

जनवरी २०: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरूका साथै उहाँका परिवारहरूमाथि परमेश्वरको कृपाको निम्ति ।

जनवरी २१: मुख्य मण्डली र शाखा मण्डलीहरूमा भएका हाम्रा पास्टरहरू र सिनियर अगुवाहरूमाथि आशिष्को निम्ति ।

जनवरी २२: हाम्रो **ग्लोबल भिजन फर युथ एण्ड किड केयर सेवकाइमा** आशिष्को निम्ति ।

जनवरी २३: सुसमाचार नपुगेका मानिसहरूमा पुग्न ५ मिनेट सन्देशको साथमा हाम्रो युट्युब सेवकाइमा आशिष्को निम्ति ।

जनवरी २४: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र ईश्वरशास्त्रीय पत्राचार कोर्सका** सम्पूर्ण क्रियाकलापहरूका निम्ति ।

जनवरी २५: हाम्रो १६ वटा भाषाहरूमा भएका हाम्रा प्रकाशनमाथि उहाँको आशिष्को निम्ति, जुन हाम्रो छापाखानामा छापिन्छ र मिसन क्षेत्रहरूमा पठाइन्छ ।

जनवरी २६: अघिल्लो महिनाको हाम्रा सम्पूर्ण आर्थिक र आत्मिक आवश्यकताहरू पूरा गर्नुभएको निम्ति ।

जनवरी २७: हाम्रा फिल्डका मिसनरीहरू र उहाँका परिवारहरूमाथि आशिष्को निम्ति ।

जनवरी २८: बहुसंख्यक सेवकाइहरूबाट सुसमाचार फैलाउने हाम्रो सिनियर पास्टरको समर्पणताको निम्ति ।

जनवरी २९: असल स्वास्थ्य र ईश्वरीय सुरक्षाको साथमा हाम्रो **बोलावटको प्रतिध्वनिका** कर्मचारी र उहाँका परिवारहरूमाथि आशिष्को निम्ति ।

जनवरी ३०: हाम्रो मण्डलीका सम्पूर्ण क्रियाकलापहरूमा जवानहरूको सक्रिय सहभागितामा आशिष् दिनुभएको निम्ति ।

जनवरी ३१: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारलाई सबै दुष्ट शक्तिहरूबाट बचाइरहनुभएको निम्ति ।

फेब्रुअरी १: हाम्रा साझेदारहरूको प्रार्थना र आर्थिक सहायताको साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

फेब्रुअरी २: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूमाथि आशिष् खन्याउनुभएको निम्ति ।

फेब्रुअरी ३: मुख्य मण्डली र शाखा मण्डलीहरूमा हाम्रो आइतवारको सेवामा परमेश्वरको वचनको शक्तिको निम्ति ।

## कृपया प्रार्थना गरौं...

फेब्रुअरी ४: सबै ख्रीष्टियान संस्थाहरू र मण्डलीहरूको सुरक्षा र आशिष्को निम्ति ।

फेब्रुअरी ५: हाम्रो कार्यालय कर्मचारी र छापाखानाका कर्मचारीको असल स्वास्थ्यको निम्ति ।

फेब्रुअरी ६: हाम्रो साँझ र आवासीय **नहेम्याह बाइबल कलेजका** विद्यार्थीहरूको सुरक्षाको निम्ति ।

फेब्रुअरी ७: हाम्रो **Echo of His Call YouTube Channel** मा पास्टर एस. साम सेल्भाराजको अतिरिक्त भाषामा सन्देशहरू प्रसारण गर्नको निम्ति ।

फेब्रुअरी ८: हाम्रो **नहेम्याह बाइबल कलेजको** निम्ति शिक्षण र कोर्सका विषयहरू अनुवाद गर्न संलग्न भएका हाम्रा सहकर्मीहरूका निम्ति ।

फेब्रुअरी ९: इस्राएल, प्यालेस्टाइन, रुस र युक्रेनमा शान्तिको निम्ति ।

फेब्रुअरी १०: कोहा सफ्टवेयरमा **नहेम्याह बाइबल कलेजको** पुस्तकालयका पुस्तकहरू अद्यावधिक गर्नको निम्ति ।

फेब्रुअरी ११: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूलाई सबै प्रकारका दुष्ट शक्तिहरूबाट बचाउनको निम्ति ।

फेब्रुअरी १२: संसारमा भइरहेको आर्थिकमन्दी अन्त्य भएको होस् ।

फेब्रुअरी १३: मिसनरीहरू र परमेश्वरका सेवकहरू विरुद्ध हिंसा रोकिएको होस् ।

फेब्रुअरी १४: संसारभरिका सम्पूर्ण महिला र बालबालिकाको सुरक्षाको निम्ति ।

फेब्रुअरी १५: हाम्रो सिनियर पास्टरको जीवनी लेख्नमा सफलताको निम्ति ।

फेब्रुअरी १६: **बोलावटको प्रतिध्वनिको** युवा र आउटरीच सेवकाइहरूका निम्ति ।

फेब्रुअरी १७: यो वर्ष **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** निम्ति आवश्यक कोषहरूका निम्ति ।


फेब्रुअरी १८: संसारका सम्पूर्ण देशहरूबाट कोरोना भाइरस र नयाँ संक्रमणहरू उन्मूलन भएको होस् ।

पृष्ठ ४ बाट

ठूलो हुन सक्छ र त्यसले हाम्रा सुरुवातका अपेक्षाहरूलाई अब सन्तुष्ट पार्दैन, जस्तै: "मैले सोचेको थिएँ, त्यो यस्तो हुनेछ," वा "त्यो यस्तो भइदिएको भए हुन्थ्यो।" तनावपूर्ण अवस्थाहरूले पूरा नभएका अपेक्षाहरूतिर लैजान सक्छ, जसले गर्दा हामीले त्यसको बारेमा महसुस नगरीकनै हामीले शोक गर्ने र गनगन गर्ने बनाउँछ। यो प्रक्रियामा, हामीले आफ्नो आनन्द र शान्ति गुमाउँछौं र मेरो मित्र, यही कुरालाई परमेश्वरले सहन सक्नुहुन्न।

इस्राएलका मानिसहरूले यस्तै महसुस गरेका थिए, जब तिनीहरूले मित्र छोडेका थिए। परमप्रभुलाई पुकारा गरेका ४३० वर्षपछि **तिनीहरू रातदिन हिँड्न सकून् भनेर तिनीहरूलाई बाटो देखाउनका निम्ति परमप्रभु दिनमा बादलको खामो र राति आगोको खामोमा तिनीहरूको अगिअगि जानुहुन्थ्यो** (प्रस्थान १३:२१)। तिनीहरू आनन्दले भरिएका थिए र उहाँको नाउँ प्रशंसा गर्न एउटा पूरै अध्याय (अध्याय १५) समर्पित गरेका थिए। तिनीहरू नाचे, गीत गाए, आनन्दित भए र खुसी मनाए।

याद राख्नुहोस्, जब तपाईं परमेश्वरको नजिक जानुहुन्छ, शैतानले तपाईंको मार्गमा चुनौतीहरू र अल्मल्याउने थोकहरू ल्याउनेछ। **तिनीहरूले चुनौतीको समना गरे, जब तिनीहरूले तीन दिनसम्म पिउनको निम्ति पानी थिएन** (प्रस्थान



*A Pillar of Cloud and Fire*

१५:२२) र तिनीहरूले गनगन गर्न सुरु गरे। तिनीहरूलाई बन्धन, श्राप र दासत्वबाट निकालेर स्वतन्त्रता दिनुहुने परमेश्वरको भलाइ तिनीहरूले बिर्से। छोटो सम्झनाझैं हामीले पनि अत्यन्तै सजिलै परमेश्वरको भलाइ बिर्सन्छौं भन्ने कुरा दूर्भाग्य हो।

**तिनीहरूले गनगन गर्न सुरु गरे** (प्रस्थान १५:२४)। परमेश्वरको भलाइ बिर्सेर हामीले कति पटकसम्म गनगन गरेका छौं? जसरी



*They started to complain*

तिनीहरूले तीन दिनसम्म पानी पाएनन् र तिनीहरूका अपेक्षा पूरा भएनन्, त्यसले निरासा ल्यायो। निरासाले हाम्रो आनन्द र शान्ति चोर्छ।

तर परमेश्वरका मार्ग उच्च र हाम्रा विचारभन्दा महान् हुन्छन्। तिनीहरूले गनगन गरे पनि **परमेश्वरले एउटा मात्रै इनार होइन तर इस्राएलीहरूका निम्ति बाह्र वटा इनार तयार गर्नुभयो** (प्रस्थान १५:२७), मेरो विचारमा हरेक कुललाई एउटा गरेर। परमेश्वरले तिनीहरूका बीचमा हुन सक्ने विवादको सम्भावनालाई पहिले नै देख्नुभयो र प्रशस्त मात्रामा दिनुभयो ताकि



*Twelve wells with seventy palms*

तिनीहरू पानीको छेउमा छाउनी बनाउन सकून्।

हामीले बाइबलमा हेर्छौं भने परमेश्वरका सबै जनहरू निरासाबाट जानुपरेको हामीले देख्छौं। अब्राहाम, नोआ, याकूब, शमूएल, एली, हन्नाह, यर्मिया, दाऊद, अय्यूब, नहेम्याह, पत्रुस, पावल र परमेश्वरको राज्यमा भएका धेरै शक्तिशाली व्यक्तिहरू सबैले निरासा र चूर्णपन अनुभव गरे। यस्ता परीक्षाहरूद्वारा तिनीहरूका विश्वास जाँच गरिए र सुधार गरिए, अन्त्यमा त्यसले वृद्धि र परमेश्वरमा गहन निर्भरतातिर अगुवाइ गऱ्यो।

बाँकी पृष्ठ ८ मा

NEHEMIAH BIBLE
EVENING COLLEGE
Chepauk & Santhoshapuram, Chennai.
Medium :Tamil
Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years
Certificate in Ministry
Diploma in Theology
Qualification : 10th Standard & above
Rush for Admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## PLEASE PRAY FOR OUR MINISTRIES AT THE HEAD QUARTERS

1. Prayer Service : 24 hours
2. **BIBLECOR -** Bible Correspondence Courses : English, Tamil & Hindi
3. **ECHO OF HIS CALL** - Monthly Magazines : English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
4. Nehemiah Bible Colleges (Three Centres) (Evening / Residential)
5. Theological Correspondence Courses: English & Tamil
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools : 8.30 a.m. & 4.00 p.m. Sunday
13. **Tamil Services : 8.00 a.m. & 10.00 a.m. Sunday**
14. **Hindi Service : 4.00 p.m. Sunday**
15. **Telugu Service : 5.00 p.m. Sunday**
16. **English & Tamil Service : 6.00 p.m. Sunday**
17. Women's Prayer : 5.30 p.m. Wednesday
18. Men's Prayer : 7.00 p.m. Friday
19. Discipleship Meeting : 6.00 p.m. Saturday
20. House Meetings : 6.30 p.m. Tuesday & Thursday
21. Special Holy Communion : 6.00 a.m. 1st day of each month
22. Ministers Review Meeting : 5.30 p.m. First Saturday
23. Parents' Prayer : 4.00 p.m. First Sunday
24. Night Prayer : 9.30 p.m. Second Friday
25. Fasting Prayer : 9:30 a.m. Third Saturday
26. Holy Communion : Second Sunday Services
27. Youth / Kid Prayer : 10.00 p.m. daily
28. Staff Devotion : 9.00 a.m. daily
29. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहूखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/- लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

The Chairman, Nehemiah Bible College,
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।


| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

### "जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।



## चेन्नाइ लाइट हाउस

## CHENNAI LIGHT HOUSE!

***तपाईंको जीवनमा भएको अन्धकार चाँडै ज्योतिमा परिणत हुनेछ।***

धेरै वर्षअघि, मेरो सेवकाइमा भएका विभिन्न समस्याहरूद्वारा म अत्यन्तै पिल्सिएको थिएँ। त्यो समयमा, मेरो मनमा धेरै प्रश्नहरू थिए। यो संसारमा भएको कुनै पनि अन्य मानिस सरह म जिउन सक्थें र प्रभुको सेवकाइमा प्रवेश गर्नुहुन्न भनेर म सोच्थें। मैले त्यसो गरेमा मेरो जीवनमा समस्या दिने कारणको विरुद्धमा मैले आफ्नो शक्ति र आफ्नो तरिकामा प्रतिशोध लिन सक्थें। यसका अतिरिक्त, मेरो आर्थिक समस्याहरूलाई समाधान गर्न मैले छोटो बाटोहरू लिन सक्थें। प्रभुको सेवकइ बन्ने मेरो आफ्नै चाहना थियो वा त्यो मेरो जीवनमा साँचो परमेश्वरको बोलावट थियो भन्ने कुरामा म अचम्ममा पर्थें।

मनमा यस्ता विचारहरूका साथमा १९७६ वर्षको एक रात करिब १० बजेतिर मैले मरिनाबीचमा भएको चेन्नाइ लाइट हाउस नजिकै घुँडा टेकें र प्रार्थना लड्न थालें। त्यो कठिन दिनमा मलाई सहायता गर्ने कोही पनि थिएन। हरेक जनाले मलाई छोडेका थिए। मेरो आँखा लाइट हाउसतिर अडियो।

जहाजहरूलाई किनारातिर डोऱ्याउनको लागि बत्ती विशेष गतिमा घुम्ने बनाइएको थियो। घुमिरहेको बत्तीलाई अवलोकन गर्दैगर्दा त्यो करिब १५ सेकेण्डको लागि उज्यालो भएर चम्कँदो रहेछ र त्यसपछि अर्को १० सेकेन्डको लागि सानो र अन्धकार हुँदोरहेछ भनेर मैले ध्यान दिएँ।



जब मैले ज्योति र अन्धकारको यो एकपछि अर्को आउने प्रक्रियालाई निरन्तर अवलोकन गरें, मैले नयाँ अन्तरदृष्टि प्राप्त गरें र उत्साहित भएको महसुस गरें। यसका अतिरिक्त, मैले परमेश्वरबाट स्पष्ट सन्देश प्राप्त गरें, "तेरो जीवनमा भएको अन्धकार चाँडै नै उज्यालोमा रूपान्तर हुनेछ।"

प्रिय पाठकहरू, के तपाईंले आफैंलाई ठूलो खतरामा भएको पाउनुभएको छ वा के तपाईंले भयानक समस्या सामना गरिरहनुभएको छ। निरास नहनुहोस्! ज्योति र अन्धकार आउँछ र जान्छ तर प्रभु येशू ख्रीष्ट हरेक समयमा निरन्तर हाम्रो साथमा हुनुहुन्छ। उहाँ हिजो, आज र सदासर्वदा समान हुनुहुन्छ। अब्राहाम, इसहाक र याकूब, हाम्रा पुर्खाका परमेश्वरले तपाईंको हात समात्नुहुनेछ, तपाईंलाई सुरक्षा दिनुहुनेछ र बचाउनुहुनेछ।

केवल उहाँमा विश्वास गर्नुहोस्!!

*******

---

*पृष्ठ ६ बाट*

तर तिनीहरूका निरासाको बीचमा परमेश्वरले आफ्नो योजना पूरा गर्नुभयो। यो वर्ष तपाईंको जीवनमा पनि उहाँले त्यस्तै गर्न सक्नुहुन्छ। परमेश्वरसँग योजना छ र तपाईंको निरासा र चूर्णपना भए पनि उहाँले त्यो पूरा गर्नुहुनेछ। के तपाईंले आज निरासा महसुस गर्नुभएको छ? के तपाईं तोडिएको महसुस गर्नुभएको छ? निश्चिन्त हुनुहोस्, पर्दापछाडि परमेश्वरले काम गरिरहनुभएको छ। आशा नगुमाउनुहोस्। उहाँले तपाईंलाई आफ्नो हत्केलामा खोपेर राख्नुभएको छ र उहाँले तपाईंलाई बिर्सनुहुनेछैन। तपाईंको जीवनमा उहाँले पूरा गर्नुभएको थोक उहाँले पूरा गर्नुहुनेछ।

### ३. निरुत्साह

हाम्रो जीवनबाट परमेश्वरको भलाइ चोर्न शैतानले प्रयोग गर्ने तेस्रो हतियार निरुत्साह हो।

हामीले मार्था र मरियमको कथामा यो उदाहरणलाई देख्छौं, जब तिनीहरूले येशूलाई गुनासो गरे, **...प्रभु, तपाईं यहाँ भइदिनुभएको भए मेरो भाइ मर्ने थिएन** (यूहन्ना ११:३२)। कहिलेकाहीं, परमेश्वरले गुमाइको अनुभव गर्न हामीलाई अनुमति दिनुहुन्छ, जस्तैः प्रेमिलो व्यक्तिको गुमाइ। विगतको वर्षमा हामीमध्ये केही यसबाट भएर गुज्रिएका हुन सक्छौं र त्यो अत्यन्तै निरासाजनक भएको हुन सक्छ। परमप्रभुले किन हस्तक्षेप गर्नुभएन, उहाँले हाम्रा



***Martha and Mary complained to Jesus Christ!***

प्रार्थना किन सुन्नुभएन भनेर हामीले प्रश्न गर्छौं। तापनि, बाइबलले हामीलाई सम्झाउँछ कि **येशू रुनुभयो** (यूहन्ना ११:३५) । हाम्रो पीडा, आँसु र तोडिएको अवस्थालाई बुझ्ने हामीसँग प्रधानपूजाहारी हुनुहुन्छ । **किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न । तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो र पनि पापरहित हुनुहुन्थ्यो** (हिब्रू ४:१५) ।

येशू रुनुहुन्छ, जब तपाईं रुनुहुन्छ, उहाँले त्यस्तै पीडा महसुस गर्नुहुन्छ र उहाँ तपाईंको परीक्षाको बीचमा हुनुहुन्छ किनभने त्यसले विश्वास उत्पन्न गराउँछ भनेर उहाँलाई थाहा छ । त्यसकारण, निरुत्साहित नहुनुहोस् । परमेश्वरले बेथानीमा येशूको फिर्ता हुने कुरालाई ढिला गराउनुभयो किनभने उहाँले हाम्रो विश्वास बलियो पार्न र हाम्रो जीवनको लेखक उहाँ हुनुहुन्छ भनेर देखाउन चाहनुहुन्थ्यो । उहाँले घोषणा गर्नुभयो, ... **पुनरुत्थान र जीवन म नै हुँ...** (यूहन्ना ११:२५) । यो सत्यतालाई प्रदर्शन गर्नको निम्ति कोही व्यक्ति मर्नुपर्थ्यो- दाजु, साथी, छोरा, पति, बुबा- ताकि उहाँले हामीलाई धैर्यता सिकाउन सक्नुभएको होस् ।

बाइबलले हामीलाई उत्साह दिन्छ कि **"तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ"** (याकूब १:२-३) । त्यसैले, हाम्रो विश्वासमा हामीले हरेस खानुहुँदैन । हामी त्याग्ने व्यक्तिहरू होइनौं !

यो वर्ष, विगतमा तपाईंले हरेस खानुभएको कुरामा पुनःसुरुवात गर्न परमेश्वरले तपाईंलाई सक्षम बनाउनुहुनेछ । यो पुनर्स्थापना गर्ने वर्ष हुनेछ, जहाँ तपाईंले कामहरू पूरा भएको देख्नुहुनेछ र केही पनि बाँकी रहनेछैनन् ।

तपाईंको परीक्षा, हार, शर्म र असफलताको बीचमा परमेश्वर तपाईंको बीचमा हिँडिरहनुभएको छ । तपाईंसँग आगोमा हिँडिरहनुभएको चौथो व्यक्ति उहाँ हुनुहुन्छ । यो त्यही वर्ष हो, जहाँ तपाईंको धैर्यताको फल तपाईंले देख्नुहुनेछ ।

त्यसैले, प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, जब तपाईंले परीक्षा र निरासाको सामना गर्नुहुन्छ, जब शोकले तपाईंको शान्ति र आनन्द लैजान्छ र जब तपाईंले योजना गरेअनुरूप हुँदैन, त्यसलाई पूर्ण आनन्दको रूपमा विचार गर्न सम्झनुहोस् । यही नै कुरा बाइबलले हामीलाई सिकाउँछ । हामीसँग प्रधान पूजाहारी हुनुहुन्छ, जो हामीसँग यी सबै कुराहरूबाट गुज्रनुहुन्छ। मेरो पछाडि, तपाईंको पछाडि आगोमा कोही उभिरहनुभएको छ । परमेश्वरको भलाइले यी सबैका बीचमा पनि शान्ति र आनन्द ल्याउनुहुन्छ किनभने उहाँ शान्तिको राजकुमार हुनुहुन्छ ।

तपाईं एक्लो हुनुहुन्न र तपाईंले त्यसलाई एक्लै सामना गर्नुपर्दैन ।

हरेस नखानुहोस्, धैर्य गर्नुहोस् र आफू पतन भएको ठाउँबाट खडा हुनुहोस् ।

शैतानले तपाईंलाई झुटो बोलिरहेको छ तर त्यसको कुरा नसुन्नुहोस् । परमेश्वरलाई थाहा छ र उहाँले अनुमति दिनुहुन्छ !

*******


# URGENT NEED

## VICE PRINCIPAL
for

**ST. PAUL'S MATRICULATION SCHOOL,**
**An *Echo of His Call* Institution**
**Vijayanagaram, Medavakkam, Chennai - 100.**

We need well qualified, experienced, dedicated, hard working and mission oriented Christian.
Apply with Bio-data to
E.mail: sam@echoofhiscall.org
WhatsApp: (+91) 98412 71858

# चाहियो

**बोलावटको प्रतिध्वनिको नहेम्याह बाइबल कलेज, चेन्नाइ (एटिए उम्मेद्वार)**

**१. डिन (आवासीय):**
एम.डिभ. वा एम.टिएच. डिग्री र अनुभवी

**२. सहप्रधानाध्यापक:**
अंग्रेजी, तामिल, हिन्दी भाषा जानेको, एम.डिभ. वा एम.टिएच. भएको ईश्वरशास्त्री र अनुभवी

**३. संयोजक:**
अंग्रेजी, तामिल र हिन्दी भाषामा ज्ञान भएको, कम्प्यूटर र टाइप गर्न सक्ने ।

योग्य उम्मेद्वारले बायोडाटा पठाउन सक्नुहुन्छ:
E.mail: sam@echoofhiscall.org
WhatsApp: (+91) 98410 71858

# अत्यावश्यक

हाम्रो **नहेम्याह बाइबल कलेजहरूका** निम्ति हामीलाई १००० वटा हिन्दी खीष्टियान पुस्तकहरूको आवश्यकता रहेको छ । ईश्वरशास्त्रीय हिन्दी पुस्तकहरूको सम्भावित प्राप्तिको लागि कृपया हामीलाई जानकारी दिनुहोस् ।

- Pr. S. Sam Selva Raj, Editor
+91-98412 71858

# पुस्तकालयका पुस्तकहरूको आवश्यकता

हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र नहेम्याह बाइबल कलेजहरूमा** भएका हाम्रा पुस्तकालयहरूका निम्ति हामीलाई तामिल, अंग्रेजी र हिन्दी पुस्तकहरूको आवश्यकता छ। तपाईंसँग राम्रो अवस्थामा भएका नयाँ वा पुराना पुस्तकहरू छन् र अनुदान दिने चाहना राख्नुहुन्छ भने कृपया हामीसँग सम्पर्क गर्नुहोस् ।

- Pr. S. Sam Selva Raj, Editor
+91-98412 71858

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### 1. Bank : State Bank of India

| | |
|---|---|
| Branch | : **Triplicane, Chennai-5** |
| Name | : **S. Sam Selva Raj** |
| A/C No. | : **1023 2934 679** |
| IFSC | : **SBIN 00 00 249** |
| SWIFT CODE | : **SBI NIN BB 455** |

### 2. Bank : ICICI Bank

| | |
|---|---|
| Branch | : **Anna Salai, Chennai-6** |
| Name | : **Echo of His Call** |
| A/C No. | : **6038 0502 2319** |
| IFSC | : **ICIC 000 6038** |

### 3. Bank : State Bank of India

**(This Account is for Tax Exemption for Indians only )**

| | |
|---|---|
| Branch | : **Triplicane, Chennai-5** |
| Name | : **Echo of His Call Educational Trust** |
| A/C No. | : **1023 2923 805** |
| IFSC | : **SBIN 00 00 249** |

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 16th JANUARY 2024**
**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**